# विद्युत महसुल निर्धारण नियमावली, २०५०

नेपाल राजपत्रमा प्रकाशित मिति

२०५०।६।१८

संशोधन

१. विद्युत महसुल निर्धारण (पहिलो संशोधन) नियमावली, २०५० २०५०।१०।११

२. विद्युत महसुल निर्धारण (दोस्रो संशोधन) नियमावली, २०५१ २०५१।४।३१

३. विद्युत महसुल निर्धारण (तेस्रो संशोधन) नियमावली, २०५८ २०५८।१।२४

४. विद्युत महसुल निर्धारण (चौथो संशोधन) नियमावली, २०७० २०७०।१।३०

विद्युत ऐन, २०४९ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "विद्युत महसुल निर्धारण नियमावली, २०५०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले विद्युत ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले नियम ३ बमोजिम गठित विद्युत महसुल निर्धारण आयोग सम्झनु पर्छ ।

(ग) "महसुल" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले उपलब्ध गराएको विद्युत सेवा उपभोग गर्ने ग्राहकबाट लिइने शुल्क सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले आयोगको अध्यक्षलाई समेत जनाउँछ ।

(च) “सचिव” भन्नाले आयोगको सचिव सम्झनु पर्छ ।

## परिच्छेद-२

## विद्युत महसुल निर्धारण आयोग सम्बन्धी व्यवस्था

३. विद्युत महसुल निर्धारण आयोगको गठन : (१) ऐनको दफा १७ को उपदफा १ को प्रयोजनको लागि नेपाल सरकार वा अनुमतिपत्र प्राप्त व्यक्तिले उपलब्ध गराउने विद्युत सेवा बापत त्यस्तो सेवा उपलब्ध गर्ने व्यक्तिसँग लिने विद्युत महसुल र अन्य दस्तुरहरू निर्धारण गर्न देहायका अध्यक्ष तथा सदस्यहरू रहने गरी एउटा विद्युत महसुल निर्धारण आयोग गठन गरिनेछ :-

| | | |
|---|---|---|
| (क) | नेपाल सरकारले तोकेको गैर सरकारी व्यक्ति | अध्यक्ष |
| (ख) | जलश्रोत मन्त्रालयको प्रतिनिधि | सदस्य |
| (ग) | नेपाल सरकारले तोकेको गैर सरकारी अर्थविज्ञ | सदस्य |
| (घ) | विद्युतको उत्पादन, प्रशासरण वा वितरण गर्ने अनुमतिपत्र प्राप्त व्यक्तिहरू मध्येबाट नेपाल सरकारले तोकेको अनुमतिपत्र प्राप्त व्यक्ति वा निजको प्रतिनिधि | सदस्य |
| (ङ) | नेपाल उद्योग वाणिज्य महासङ्घको प्रतिनिधि | सदस्य |
| (च) | ग्राहकहरू मध्येबाट नेपाल सरकारले तोकेको एक जना व्यक्ति | सदस्य |

(२) विद्युत विकास केन्द्रको महानिर्देशक आयोगको सचिव हुनेछ र आयोगको सचिवालयको काम विद्युत विकास केन्द्रले गर्नेछ ।

(३) आयोगले सम्बन्धित विशेषज्ञहरूलाई आयोगको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(४) अध्यक्ष तथा उपनियम (१) को खण्ड (ग), (घ) र (च) बमोजिमको सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएका अध्यक्ष तथा सदस्यहरूलाई पुनः अर्को एक अवधिको लागि पदावधि थप गर्न सकिनेछ ।

नेपाल कानून आयोग

(५) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी उपनियम (१) बमोजिमका सदस्यहरूमा आवश्यकता अनुसार हेरफेर वा थप घट गर्न सक्नेछ ।

४. आयोगको काम, कर्तव्य र अधिकार : (१) ऐनमा लेखिएदेखि बाहेक आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) ऐनको दफा १७ को उपदफा (१) बमोजिम विद्युत महसुल र अन्य दस्तुरहरू निर्धारण गर्ने,

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत सेवा उपलब्ध गराए बापत ग्राहकहरूसँग लिने गरेको विद्युत महसुल तथा अन्य दस्तुरहरूमा पुनरावलोकन गर्ने,

(ग) आयोगले आफ्नो कार्य सम्पादनको लागि आवश्यकतानुसार आयोगको कुनै सदस्य, कर्मचारी वा विशेषज्ञलाई नेपाल *....... को कुनै पनि स्थानमा खटाउने ।

(२) आयोगले आफ्नो क्षेत्राधिकारसँग सम्बन्धित कुनै विषयमा अध्ययन प्रतिवेदन पेश गर्न आयोगकै सदस्यको संयोजकत्वमा समिति वा उपसमिति गठन गर्न सक्नेछ । त्यस्तो समिति वा उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

५. आयोगले बैठक सम्बन्धी कार्यविधि : (१) आयोगको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा आयोगको बैठकमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको व्यक्तिले आयोगले बैठकको अध्यक्षता गर्नेछ ।

(३) आयोगको कुल सदस्य संख्या मध्ये तीन-चौथाई सदस्य उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) आयोगको बैठकमा उपस्थित सदस्यहरूको बहुमतको रायलाई आयोगको निर्णय मानिनेछ ।

* चौथो संशोधनद्वारा झिकिएको ।

(५) आयोगको निर्णय सचिवले निर्णय पुस्तिकामा जनाइ बैठकमा उपस्थित सबै सदस्यहरूको सहीछाप गराउनु पर्नेछ ।

(६) आयोगको निर्णय सचिवले प्रमाणित गर्नेछ ।

(७) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-३

## विद्युत महसुल र अन्य दस्तुर निर्धारण सम्बन्धी कार्यविधि

६. विद्युत महसुल र अन्य दस्तुरहरूको निर्धारण :- 🕮(१) ऐनको दफा १७ को उपदफा (३) बमोजिम आयोगले विद्युत महसुल र अन्य दस्तुरहरू निर्धारण गर्दा ह्रास कट्टी दर, उपयुक्त लाभ, संरचनाको संचालन तरिका, उपभोक्ता मूल्य सूचीको परिवर्तन, रोयल्टी, विद्युत विकासको सम्बन्धमा नेपाल सरकारले अपनाएको नीति आदिको आधारमा निर्धारण गर्नेछ । यसरी निर्धारण गर्दा आयोगले विद्युत् उत्पादनको सीमान्त लागत (मार्जिनल कष्ट), परिवर्त्य विदेशी मुद्राको विनियम दर, विद्युत उत्पादनको लागि प्रयोग हुने इन्धनको मूल्य तथा अनुमतिपत्र प्राप्त व्यक्ति र सम्बन्धित विद्युत आयोजनामा ऋण प्रदान गर्ने वा पुँजी लगानी गर्ने वित्तीय संस्था बीच भएको वित्तीय सम्झौता समेतलाई आधार लिनेछ ।

तर नेपाल सरकार आफैले वा नेपाल सरकारको पचास प्रतिशतभन्दा बढी शेयर पुँजी लगानी भएको संगठित संस्थाले विद्युत सेवा उपलब्ध गराए बापत लिने विद्युत् महसुल तथा अन्य दस्तुर निर्धारण गर्दा आयोगले नेपाल सरकार तथा त्यस्तो संस्थाले सम्बन्धित विद्युत् आयोजनाको लागि वित्तीय संस्थासित गरेको वित्तीय सम्झौताको पालना हुने गरी विद्युत् महसुल तथा अन्य दस्तुर निर्धारण गर्नेछ । विद्युत् उत्पादनको लागि प्रयोग हुने इन्धनको मूल्यमा ❋वा उपभोक्ता मूल्य सूचीमा परिवर्तन भएमा नेपाल सरकार वा त्यस्तो संस्था आफैले सो अनुरुप विद्युत् महसुलमा परिवर्तन गर्ने गरी आयोगले त्यस्तो इन्धनको मूल्य ❋वा उपभोक्ता मूल्य सूचीमा भएको परिवर्तनको अनुपातमा विद्युत् महसुलको दर परिवर्तन गर्ने उपयुक्त सूत्र -फर्मुला) समेत निर्धारण गरी दिनेछ । ❋यसरी विद्युत महसूल परिवर्तन गर्दा साविकमा कायम रहेको विद्युत महसूलमा पाँच प्रतिशतमा नबढ्ने गरी र वर्षमा एकपटक मात्र परिवर्तन गर्न सक्नेछ ।

---

🕮 दोश्रो संशोधनद्वारा संशोधित ।
❋ तेश्रो संशोधनद्वारा थप ।

(२) उपनियम (१) बमोजिम आयोगले विद्युत महसुल र अन्य दस्तुरहरू निर्धारण गर्दा ग्राहकहरूको किसिम, सामाजिक दायित्व, अन्तर अनुदान (क्रस सवसिडिज) तथा विद्युत माग व्यवस्थापनको सम्भावना (पोटेन्सियल फर डिमाण्ड साईड म्यानेजमेण्ट) समेतलाई ध्यान दिई विद्युत महसुल तथा अन्य दस्तुर निर्धारण गर्न सक्नेछ ।

(३) आयोगले उपनियम (१) र (२) बमोजिम विद्युत महसुल र अन्य दस्तुरहरू निर्धारण वा पुनरावलोकन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिको संगठनात्मक कौशलता (अर्गनाइजेशनल इफिसियन्सी) लाई पनि ध्यान दिन सक्नेछ ।

७. विद्युत महसुल र अन्य दस्तुर निर्धारण गर्न दरखास्त दिने : विद्युत वितरण गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकबाट लिइने विद्युत महसुल र अन्य दस्तुर निर्धारण गराउन देहायका विवरणहरू खुलाइ अनुसूची बमोजिमको ढाँचामा आयोग समक्ष दरखास्त दिनु पर्नेछ :-

(क) प्रस्तावित विद्युत महसुल निर्धारण गर्नु पर्ने आधारहरू (ती आधारहरूको औचित्य पुष्टयाई हुने आर्थिक एवं प्राविधिक विश्लेषण सहितको प्रतिवेदन तथा अन्य सम्बन्धित कागजात),

(ख) विद्युत महसुल दरमा परिवर्तन गर्नु पर्ने भए त्यसको आधारहरू (ती आधारहरूको औचित्य पुष्टयाई हुने आर्थिक एवं प्राविधिक विश्लेषण सहितको प्रतिवेदन तथा अन्य सम्बन्धित कागजात),

(ग) साविकमा लिई आएको विद्युत महसुल, प्रस्तावित वा परिवर्तित विद्युत महसुल स्पष्ट देखिने सूची (गार्हस्थ, व्यापारिक, औद्योगिक तथा अन्य प्रयोजनको लागि विद्युत प्रयोग गर्ने ग्राहकहरूलाई लगाउन खोजिएको विद्युत महसुल र प्रस्तावित परिवर्तनको प्रतिशत),

(घ) अनुमतिपत्र प्राप्त व्यक्तिले वित्तीय संस्थाहरूसित सहमती जनाएको वित्तीय शर्त (फाइनान्सियल कोभनेण्टेस्) जस्ता अन्य सम्बद्ध कुराहरू ।

८. दरखास्त उपर जाँचबुझ : (१) नियम ७ बमोजिम महसुल र अन्य दस्तुर निर्धारणको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले दरखास्त दिएपछि दरखास्त साथ पेश गर्नु पर्ने आवश्यक कागजात, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा आयोगले आवश्यक जाँचबूझ गर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबूझ गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले दरखास्त साथ पेश गर्नु पर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश गर्न आयोगले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई मनासिव म्याद तोकी दरखास्त दर्ता भएको मितिले ३५ दिन भित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न आयोगले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै दरखास्त परेको मिति मानिनेछ ।

९. विद्युत महसुल र अन्य दस्तुर निर्धारण गर्ने : (१) नियम ७ बमोजिम परेको दरखास्त उपर नियम ८ बमोजिम आयोगले जाँचबुझ गरेपछि दरखास्तवालाले प्रस्तावित गरेको दर अनुसार वा आवश्यक भए त्यस्तो दरमा संशोधन समेत गरी आयोगले दरखास्त परेको मितिले साठी दिन भित्र विद्युत मसहुल र अन्य दस्तुर निर्धारण गर्नेछ ।

(२) उपनियम (१) बमोजिम आयोगले विद्युत महसुल र अन्य दस्तुर निर्धारण गर्दा निर्धारित वा परिवर्तित दर लागू हुने मिति समेत तोकिदिनु पर्नेछ ।

(३) नियम ८ बमोजिम आयोगले जाँचबूझ गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले प्रस्तावित गरेको विद्युत महसुल र अन्य दस्तुर परिवर्तन गर्न आवश्यक नदेखेमा आयोगले सो कुराको जानकारी सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई दरखास्त परेको मितिले साठी दिन भित्र दिनु पर्नेछ ।

[σ]९क. अनुमति प्राप्त नगरेसम्म निर्धारण गराउनु नपर्ने : नियम ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐन प्रारम्भ हुनु अघिदेखि विद्युत वितरण गरिरहेको व्यक्ति वा संगठित संस्थाले ऐनको दफा ४ को उपदफा (३) बमोजिम अनुमतिपत्र प्राप्त नगरेसम्म ग्राहकबाट लिइने विद्युत महसुल वा अन्य दस्तुरमा परिवर्तन गर्न आयोगबाट निर्धारण गराउनु पर्ने छैन ।

१०. सूचना प्रकाशित गर्नु पर्ने : नियम ९ बमोजिम आयोगले निर्धारण गरेको विद्युत महसुल दर र अन्य दस्तुरहरू सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्नेछ ।

σ पहिलो संशोधनद्वारा थप ।

## परिच्छेद-४

## विविध

११. परामर्श लिने : आयोगले ऐन तथा यस नियमावली बमोजिम विद्युत महसुल तथा अन्य दस्तुरहरू निर्धारण गर्दा उपयुक्त सम्झेको व्यक्तिहरूसंग सरसल्लाह गर्न सक्नेछ ।

१२. सहयोग गर्नु पर्ने : आयोगको कार्य सम्पादनको सम्बन्धमा सम्बन्धित सरकारी, गैरसरकारी निकाय तथा व्यक्तिले आवश्यक सहयोग गर्नु पर्नेछ ।

१३. आर्थिक व्यवस्था : (१) आयोगको कामको लागि आवश्यक पर्ने रकम नेपाल सरकारले आयोगलाई उपलब्ध गराउने छ ।

(२) उपनियम (१) बमोजिम नेपाल सरकारबाट प्राप्त रकम आयोगले आफ्नो कामको लागि आवश्यकतानुसार खर्च गर्न सक्नेछ ।

१४. सुविधा : आयोगका सदस्यहरूको पारिश्रमिक तथा अन्य सुविधाहरू नेपाल सरकारले समय-समयमा तोके बमोजिम हुनेछ ।

१५. नेपाल सरकारसँग सम्पर्क : आयोगले आफ्नो कार्य सम्पादनको सिलसिलामा नेपाल सरकारसँग सम्पर्क राख्दा जलस्रोत मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

नेपाल कानून आयोग

---

द्रष्टव्य :- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर भएका शब्दहरू:-

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

# अनुसूची

(नियम ७ सँग सम्बन्धित)

## महसुल र अन्य दस्तुर निर्धारणको लागि दरखास्त

श्रीमान् अध्यक्षज्यू,

विद्युत महसुल निर्धारण आयोग

...................................

महोदय,

विद्युत ऐन, २०४९ तथा विद्युत नियमावली, २०५० बमोजिम विद्युत वितरणको लागि अनुमतिपत्र प्राप्त गरी विद्युत सेवा संचालन गर्न लागेको/गरी रहेको हुँदा मेरो/हाम्रो प्रतिष्ठानले ग्राहकसँग लिनु पर्ने विद्युत महसुल र अन्य दस्तुर निर्धारण गर्न/पुनरावलोकन गर्न विद्युत महसुल निर्धारण नियमावली, २०५० बमोजिम देहायको विवरणहरू खुलाइ यो दरखास्त पेश गरेको छु/छौं ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना :-

२. विद्युतको उत्पादनको किसिम :-

३. अनुमतिपत्रको संख्या तथा जारी गरिएको मिति :-

४. अनुमतिपत्र वहाल रहने मिति :-

५. विद्युत वितरण गर्ने वा गरी रहेको क्षेत्र :-

६. अन्य विवरण (विद्युत महसुल निर्धारण नियमावली, २०५० को नियम ७ बमोजिम) :-

माथि उल्लेखित व्यहोरा ठीक साँचो छ झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

संगठित संस्था भए सो संस्थाको छाप

दरखास्तवाला वा सम्बन्धित संगठित संस्थाको तर्फबाट दरखास्त दिने व्यक्तिको

नाम, थर :-

पद :-

दस्तखत :-

मिति :-



नेपाल कानून आयोग